


# ६ परमेश्वरको नाउँमा आफू भगवान हुँ भनेर खेलबाड गर्नु

*<u>यस अध्यायको बाइबलका मूल अंशहरू:</u>* **यशैया १३, यशैया १३:२-२२, यशैया १४, यशैया २४-२७।**

*<u>यस अध्यायको मूल सार पद:</u>* **"त्यस दिन तिनीहरूले यसो भन्नेछन्, "हेर, निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गऱ्यौं र पर्खेर बस्यौं र उहाँले नै हामीलाई उद्धार गर्नुहुनेछ। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा गऱ्यौं र पर्ख्यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी हुनेछौं र रमाउनेछौं" (यशैया २५:९ रूपान्तरित)।**

एक दिन एक जना पास्टरले अभिमान वा घमण्डको बारेमा हृदयलाई नै छुने प्रवचन चर्चमा दिएका थिए। चर्चको सेवाकार्यपछि उनको त्यो प्रवचन सुन्ने एक जना महिला उक्त पास्टरलाई भेट्न पर्खिन्। पास्टरलाई भेटेपछि आफ्नो मन अत्यन्तै व्याकुल भएको उक्त महिलाले सुनाइन्। आफूमा भएको ठूलो पाप पास्टरको सामु स्वीकार गर्न चाहेको उनले व्यक्त गरिन्। पास्टरले उनलाई उनको ठूलो पाप के थियो भनेर सोधे।

"उनले जवाफ दिइन्, 'मसँग घमण्ड वा अभिमानको पाप छ। आफू कति राम्री छु भनेर म ऐनाको सामु केही दिन अघि एक घन्टा बिताएँ। ममा भएको सौन्दर्यतालाई मैले प्रशंसा गर्दै थिएँ।'

"ए हो र? त्यो घमण्ड वा अभिमानको पाप होइन तर कल्पनाको पाप थियो!' त्यस पास्टरले जवाफ दिए।" सी. इ. माकर्टनी, पावलले लि टानको सङ्कलन, इन्साइक्लोपिडिया अभ ७७०० इलिस्ट्रेशनसः साइनस् अभ द टाइमस्, पृ. ११००बाट रूपान्तरित।

जगतको शक्तिशाली स्वर्गदूतको हृदयमा पापको बिऊ रोपियो तब घमण्ड वा अभिमानको वास्तविक पाप स्वर्गदूत वा मानिसहरूको बीचमा कुनै सिमाना नै नतोकिकन फैलिएको थियो।

यो अभिमान, घमण्ड र आफ्नो भाऊ खोज्ने पाप आफू धर्मात्मा हुँ भन्नेमा झन आगो जस्तो सल्किएको पाउँछौं। मुक्ति भनेको आफूले अरूमाथि देखाएको धर्मकर्म, सेवा, त्यागमा पाइन्छ भनेर अभिमान गर्ने बानी इसाई जगत वा अरू आध्यात्मिक चरित्रहरूमा पाइन्छ। बाइबलको अनुसार यो अत्यन्तै कहालीलाग्दो अभिमान हो। पापको सुरु कसरी भयो, आफ्नो भाऊ खोज्ने, आफूलाई उचालिने प्रवृति, अरूभन्दा आफू कोही कम नभएको र अरूमाथि रजाइँ गर्ने बानीको बारेमा यस अध्यायमा हामी हेर्नेछौं।

## १. राष्ट्रहरूको सर्वनाशको सन्देश (यशैया १३)

यशैया १३मा शिर्षक छ। त्यस शिर्षकमा यशैयाको पुस्तक लेख्ने यशैया हो भनेर उल्लेख गरिएको छ (यशैया १:१, यशैया २:१सँग तुलना गर्नुहोस्)। तर यस अध्यायले यशैयाको पुस्तकको नयाँ चरण सुरुभएको देखाउँछ। विभिन्न राष्ट्रहरूको विरुद्धमा आइपर्ने न्यायका सन्देशहरू यशैया १३-२३मा समावेश भएका छन्। ती विषयबस्तुहरू यहाँ हामीले नियाल्ने छौं।

**विभिन्न राष्ट्रहरूको बिरुद्धमा भविष्यवाणीहरू उच्चारण गरिएतापनि ती भविष्यवाणीहरूको सुरुवात बेबिलोनबाट नै किन हुन्छ?**

यशैयाको समयमा सबभन्दा ठूलो अत्याचारी र खतरापूर्ण देश असेरियाको गति के हुनेछ भनेर गरिएको इस्साफ यशैया १०:५-३४मा घोषणा गरिसकेको थियो। असेरियाको सक्तिलाई भत्काउने परमेश्वरको योजना यशैया १४:२४-२७मा छोटकरीरूपमा फेरि दोहोऱ्याइको थियो। तर इस्राएलको निम्ति अर्को सबभन्दा डरलाग्दो शक्ति बेबिलोन वा आधुनिक इराकलाई परमेश्वरले के गर्नुहुनेछ भनेर उल्लेख गरिएको मूख्य विषय बस्तु अध्याय १३-२३मा पाइन्छ।

अत्यन्तै धनी, सम्पन्न, पौराणीक संस्कृति तथा सभ्यताको चुचुरोमा रहेको, धार्मिक र राजनैतिक शक्ति बेबिलोन थियो। पछि यो राष्ट्र महाशक्तिशाली भएर आफ्ना वरिपरिका देशहरूलाई जितेको थियो र यहूदामाथि आक्रमण गरेर त्यहाँका मानिसहरूलाई विस्थापित गरेको थियो। कतिपय इस्राएलीहरूलाई युद्धबन्दी बनाएर ६०० माइल परमेश्वर आफ्नो देशमा

लगेका थिए। तर मानवीय दृष्टिकोणले हेर्दा यशैयाको समयमा बेबिलोन त्यस्तो खतरानक राष्ट्र देखिएको थियो। परमेश्वरका जनहरूले त्यसले हानी गर्ने सम्भावना थिएन किनभने यशैयाको सेवाकालभरि प्रायजसो असेरियाले बेबिलोनमाथि प्रभूत्व जमाएको थियो। ई.पू. ७२८देखिनै तिग्लाथ-पिलेसेर तेस्रोले बेबिलोनलाई कब्जा गरेर आफूलाई बेबिलोनको राजा घोषणा गरेका थिए। त्यसबेला आफ्नो शाही नाउँ पुलु थियो (वा पुल, हेर्नुहोस्, २ राजा १५:१९, १ इतिहास ५:२६)। असेरियाको शासनको विद्रोह गरेर कतिपय समयमा स्वतन्त्र हुन पुगेको बेबिलोन धेरै पटक असेरियाले कब्जा गरेको थियो (ई.पू. ७१०, ई.पू. ७०२, ई.पू. ६८९ र ई.पू. ६४८)। तर पछि गएर बेबिलोन त्यस क्षेत्रको महाशक्तिशाली वा सुपर पावर भएर खडा हुन पुगेको थियो। उसैले यहूदा राष्ट्रलाई सर्वनाश गरेको थियो।

**यशैया १३ सरसर्ती पढ्नुहोस् र त्यसमा प्रयोग गरिएको कडा शब्द वा भाषामा ध्यान दिनुहोस्। प्रेमले भरिपूर्ण भएको परमेश्वरले यस्तो काम किन गर्नुभयो वा त्यस्तो बिपत्ती किन आउन दिनुभयो? दुष्टहरूप्रति गरिने कार्वाहीमा केही धर्मी र अजान मानिसहरू पनि दुःख त पाउँछन् पाउँदैनन् र (यशैया १३:१६)? परमेश्वरले जे गर्नुभयो उहाँको कामलाई हामीले कसरी बुझ्ने? पाप, खराब, दुष्टता, अत्याचार तथा मानिसको राक्षसी स्वभावप्रति परमेश्वरले देखाउने रिस र क्रोधको बारेमा यशैया १३ अध्यायको अशले हामीलाई प्रकट गर्न खोजेको छ? साथै पाप, दुष्टताको विशिष्ट स्वभावलाई त्यसले कसरी भन्डाफोर गर्दछ? प्रेमले भरिएको परमेश्वरले पापको ज्यादतीप्रति जुन कदम चाल्नुभयो त्यसले पाप कस्तो खराब रहेछ भनेर हामीलाई के देखाउँदैन र? एउटा कुरो याद गर्नु जरुरी छ। जुन परमेश्वर क्रोधित भएर पापको ज्यादतीप्रति आफ्नो क्रोध पोख्नुभयो त्यही परमेश्वर येशू हुनुहुन्थ्यो। त्यही येशू केहीसय वर्षपछि मानव चोला लिएर आउनुभएको थियो। उहाँले मानिसहरूका पापहरूलाई क्षमा गर्नुभएको थियो, बिरामीहरूलाई निको पार्नुभएको थियो र पापीहरू पश्चाताप गर्न कडा शब्दहरूमा आह्वान गर्नुभएको थियो। तपाईंको आफ्नै दिमागमा त्यस प्रेमिलो परमेश्वरको चरित्रलाई कसरी बुझ्नु भएको छ? तपाईंले आफैलाई यो प्रश्न गर्नुहोस्ः के परमेश्वरको त्यो क्रोध खास गरेर उहाँको प्रेमले गर्दा उब्जिएको होइन र? यदि हो भने, कसरी? वा अर्को दृष्टिकोणले हेर्नुहोस्, त्यो हो क्रुसको परिवेशमा। त्यसमा येशू आफैले संसारको पाप बोक्नुभयो, परमेश्वर भएर पनि यस संसारमा कुनै पनि मानिसले भोग्नुपर्ने**

भन्दा महाकष्ट उहाँले भोग्नुभयो। धर्मको नाउँमा खडा भएको राष्ट्र वा जातिको पाप अजान र निरपराध मानिसहरूले भोग्नु परेको दण्ड उहाँले पनि भोग्नुभएको थियो। मानिसले सहनुपर्ने परमेश्वरको क्रोधको बारेमा कठिन प्रश्नहरूको केही जवाफ क्रुसमा टाँगिएर कष्ट पाउनुभएको येशूलाई हेर्दा कसरी पाउँछ? हेर्नुहोस् यशैया १३ " १ बेबिलोनको विषयमा आमोजका छोरा यशैयाले दर्शनमा पाएको ईश्वरवाणीः २ नाङ्गो डाँड़ामा एउटा झन्डा खड़ा गर। तिनीहरूलाई उच्च सोरले कराऊ र भारदारहरूका मूल ढोकामा पस्न इशारा गर। ३ मेरा पवित्र जनहरूलाई मैले आज्ञा गरेको छु। मेरो रीस पोखाउन मेरा योद्धाहरूलाई मैले हुकुम दिएको छु। तिनीहरू मेरो विजयमा आनन्दित हुन्छन्। ४ सुन, पर्वतहरूमा भएको हल्ला, भीड़को हल्लाजस्तै ठूलो। सुन, राज्यहरूका माझमा भएको कोलाहल, जाति-जातिहरू एकसाथ जम्मा हुँदा भएको होहल्लाझैं। सर्वशक्तिमान् परमप्रभुले लड़ाइँको निम्ति सेना जम्मा गर्दैहुनुहुन्छ। ५ परमप्रभु र उहाँका रीसका हतियारहरू टाढ़ा देश, आकाशको पल्लो छेउदेखि सारा देशलाई नाश गर्न आउँछन्। ६ डाँको छोड़ी-छोड़ी रोऊ, किनकि परमप्रभुको दिन नजिक छ। सर्वशक्तिमान्को तर्फबाट भयङ्कर सर्वनाशको रूपमा त्यो आउनेछ। ७ यसकारणले गर्दा सबै हातहरू कमजोर हुनेछन्, सबै मानिसहरूको मुटुले ठाउँ छोड्नेछ। ८ तिनीहरू डराउनेछन्। पीडा र वेदनाले तिनीहरूलाई छोप्नेछ, सुत्केरी स्त्रीलाई पीडा भएझैं तिनीहरू पीडाले व्याकुल हुनेछन्। तिनीहरू एक-अर्कालाई चकित भई हेर्नेछन्। तिनीहरूको अनुहार आगोको ज्वालाझैं हुनेछ। ९ हेर, परमप्रभुको दिन देशलाई उजाड़ पार्न र त्यहाँ भित्र भएका पापीहरूलाई त्यहाँबाट सर्वनाश गर्न, क्रोध र भयानक रीसको साथ निष्ठुर दिन आइरहेछ। १० आकाशका ताराहरू र तिनका तारापुञ्जले आफ्नो चमक दिनेछैनन्। सूर्य पनि उदय हुँदाहुँदै अँध्यारो हुनेछ, र चन्द्रमाले ज्योति दिनेछैन। ११ म संसारलाई त्यसको दुष्ट्याइँको निम्ति र दुष्टलाई तिनीहरूका अधर्मको निम्ति दण्ड दिनेछु। म अहङ्कारको घमण्डीको अन्त गर्नेछु, र निष्ठुरहरूको शेखी झार्नेछु। १२ म मान्छेलाई निखुर सुनभन्दा दुर्लभ र ओपीरको सुनभन्दा पनि अझ अप्राप्य बनाउनेछु। १३ यसैकारण उहाँको ज्वलन्त रीसको दिनमा म आकाशलाई थरथर काम्ने तुल्याउनेछु, र सर्वशक्तिमान् परमप्रभुको क्रोधमा पृथ्वी त्यसको ठाउँमा हल्लिनेछ। १४ तिनीहरू खेदिएको हरिणझैं, र गोठालोविनाका भेड़ाहरूझैं, हरेक मानिस आफ्नै मानिसकहाँ फर्केर जानेछ, र हरेक मानिस आफ्नै स्वदेशमा भागी

जानेछ। १५ भेटिएको हरेक मानिस रोपिनेछ, र पक्रिएका सबै तरवारले ढालिनेछन्। १६ तिनीहरूका बालकहरू तिनीहरूकै आँखाको सामुन्ने पछारिएर चिल्लिबिल्ली पारिनेछन्। तिनीहरूका घर लुटिनेछन्, र तिनीहरूका पत्नीहरू भ्रष्ट पारिनेछन्। १७ हेर, म मादीहरूलाई तिनीहरूका विरुद्धमा उठाउनेछु, जुनहरू चाँदीको परवाह गर्दैनन्, र सुनको लालच पनि गर्दैनन्। १८ उनीहरूका काँड़हरूले जवान मानिसहरूलाई हिर्काएर ढाल्नेछन्। उनीहरूले शिशुहरूलाई दया गर्नेछैनन्, न त उनीहरूले केटाकेटीहरूलाई दयाको दृष्टिले हेर्नेछन्। १९ राज्यहरूको रत्न बेबिलोनलाई, जसमाथि बेबिलोनीहरू गर्व गर्दछन्, सदोम र गमोरालाई जस्तै परमेश्वरले उल्टाइदिनुहुनेछ। २० त्यहाँ कहिल्यै कोही बस्नेछैन, पुस्तौंसम्म त्यहाँ कोही बस्नेछैन। कुनै अरबीले त्यहाँ आफ्नो पाल टाँग्नेछैन। कुनै गोठालाले आफ्नो बगाल त्यहाँ विश्राम गर्न दिनेछैन। २१ तर जङ्गली जनावरहरूले त्यहाँ विश्राम गर्नेछन्। तिनका घरहरू स्यालहरूले भरिनेछन्। लाटोकोसेराहरू त्यहाँ बस्नेछन्, र जङ्गली बाख्राहरू त्यहाँ उफ्रँदै खेल्नेछन्। २२ हुँड़ारहरू तिनका किल्लाहरूमा र स्यालहरू तिनका सुन्दर-सुन्दर महलहरूमा कराउनेछन्। त्यसको समय नजिकै आएको छ, र त्यसको दिन अब धेरै छैन।"

## २. पछिल्लो महान सहर बेबिलोन (यशैया १३:२-२२)

ई.पू. ६२६मा कल्दीहरूका राजा नेबोपोलासारले बेबिलोनको महिमालाई पुनर्स्थापना गरेका थिए। आफूलाई बेबिलोका राजा घोषणा गरेर बेबिलोनका नयाँ बंशले राज्य चलाएका थिए। मीड राज्यसँग साँठगाँठ गरेर उनले असेरियालाई हराएका थिए। उनका छोरा नेबुकडनेजार दोस्रोले यहूदामाथि हमला गरेर जितेका थिए र त्यहाँका कतिपय मानिसहरूलाई युद्धबन्दी गरेर बेबिलोनमा लगेका थिए।

**सभ्यताको शिखरमा पुगेको, शक्तिशाली, गौरबमय, प्रख्यात र सुन्दर महान् बेबिलोन सहरको पतन आखिरमा कसरी अन्त्य भयो? हेर्नुहोस् दानिएल ५ "१ बेलसजर राजाले आफ्ना एक हजार जना भारदारहरूलाई एक ठूलो भोज दिए र उनीहरूसित उनले दाखमद्य पिए। २ दाखमद्य पिउँदैगर्दा बेलसजर राजाले आफू, आफ्ना भारदारहरू, आफ्ना श्रीमतीहरू र रखौटीहरूले दाखमद्य पिउनलाई उनका पिता नबूकदनेसरले यरूशलेमको मन्दिरबाट ल्याएका सुन र चाँदीका भाँड़ाकुँड़ाहरू त्यहाँ ल्याउने हुकुम गरे। ३ यसकारण उनीहरूले**

सुनका भाँड़ाहरू ल्याए, जुनचाहिँ यरूशलेममा भएको परमेश्वरको मन्दिरबाट
ल्याइएका थिए, र राजा र उनका भारदारहरू, उनका श्रीमतीहरू र रखौटीहरूले
तीबाट पिए। ४ जसै उनीहरूले दाखमद्य पिए, उनीहरूले सुन र चाँदीका, काँसो,
फलाम, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गरे। ५ अचानक राजदरबारमा
भएको पानसको नजिक एक मानव हातका औंलाहरू देखा परे र लिपिएको
भित्तामा लेख्न लागे। त्यो लेख्दैगरेको हात राजाले हेरे। ६ उनको अनुहार
पहेँलो भयो, र उनी यति डराए कि उनका घुँड़ाहरू कामेर ठोकिन थाले र
गोड़ाहरू लल्याकलुलुक भए।

१ राजाले मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरूलाई
बोलाउन लगाए र बेबिलोनका यी ज्ञानी पुरुषहरूलाई भने, "जसले यो लेख
पढ्छ र यसको अर्थ मलाई बताइदिन्छ, त्यसलाई बैजनी पोशाक पहिराइनेछ र
त्यसको गलामा सुनको सिक्री लगाइनेछ र त्यसलाई राज्यको तेस्रो उच्च
शासक बनाइनेछ।" ८ तब राजाका सबै ज्ञानी पुरुषहरू आए, तर उनीहरूले
यो लेख पढ्न वा त्यसको अर्थ राजालाई बताउन सकेनन्। ९ यसकारण राजा
बेलसजर अझ भयभीत भए र उनको अनुहार अझ पहेँलो हुँदैगयो। उनका
भारदारहरू अलमल्ल परे। १० राजा र उनका भारदारहरूका स्वर सुनेर रानी
भोजको कोठामा आइन् र तिनले भनिन्, "महाराजा अमर रहून्! नआत्तिनुहोस्।
यस्तो पहेँलो अनुहार नबनाउनुहोस्। ११ तपाईंको राज्यमा एक जना मानिस
छन्, जोसँग पवित्र देवताहरूका आत्मा छ। तपाईंका पिताको पालोमा उनमा
देवताको जस्तै अन्तर्दृष्टि, ज्ञान र बुद्धि पाइएको थियो। तपाईंका पिता राजा
नबूकदनेसरले उनलाई जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना
हेर्नेका प्रमुख नियुक्त गर्नुभएको थियो। १२ यी दानिएल नाउँ गरेका मानिस,
जसलाई राजाले बेलतसजर भन्नुहुन्थ्यो, तीव्र मन र ज्ञान र समझ भएका
भेट्टाइए र साथै उनले सपनाका अर्थ बताउन, अड्कोहरू फुकाउन र कठिन
समस्याहरू हल गर्न पनि सक्थे। दानिएललाई बोलाउनुहोस्, र उनले तपाईंलाई
यस लेखको अर्थ बताउनेछन्।" १३ यसकारण दानिएललाई राजाको सामुन्ने
उपस्थित गराइयो अनि राजाले तिनलाई भने, "के तिमी दानिएल, देशनिकाला
गरिएकामध्ये एक हौ, जसलाई राजा, मेरा पिताले यहूदाबाट ल्याउनुभएको
थियो? १४ मैले सुने, तिमीमा देवताहरूको आत्मा छ, र तिमी अन्तर्दृष्टि, ज्ञान र
बिछट्ट बुद्धि भएका मानिस छौ अरे। १५ ज्ञानी पुरुषहरू र मन्त्रतन्त्र गर्नेहरू
यो लेख पढ्न र मलाई यसको अर्थ बताउन मेरो सामु ल्याइए। तर उनीहरूले

यो बताउन सकेनन्। १६ अब मैले सुनेको छु कि तिमी अर्थ खोल्न र कठिन समस्याहरू समाधान गर्न सक्छौ। यदि तिमीले यो लेख पढ्न र यसको अर्थ बताउन सक्छौ भने, तिमीलाई बैजनी पोशाक पहिराइनेछ र गलामा सुनको सिक्री लगाइनेछ र राज्यमा तिम्रो स्थान तेस्रो हुनेछ।" १७ तब दानिएलले राजालाई उत्तर दिए, "हजूरका उपहारहरू हजूर आफै राख्नुहोस् र हजूरका इनामहरू अरू कसैलाई दिनुहोस्। तापनि महाराजाको लागि यो लेखोट पढ़िदिनेछु र यसको अर्थ बताइदिनेछु। १८ "हे महाराजा, सर्वोच्च परमेश्वरले हजूरका पिता नबूकदनेसरलाई स्वाधीन राज्य र महानता र महिमा र गौरव दिनुभयो। १९ उहाँले उनलाई उच्च स्थान दिनुभएकोले र प्रत्येक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उनको डर र भय मान्थे। राजाले जसको प्राण लिन चाहन्थे, लिन्थे, जसलाई बाँकी राख्न चाहन्थे, राख्थे, जसलाई पदोन्नति गर्न चाहन्थे, पदोन्नति गर्थे, र जसलाई होच्याउन चाहन्थे, होच्याउँथे। २० तर जब उनको हृदय घमण्डले हठी र कठोर भयो, उनलाई राजगद्दीबाट हटाइयो र उनको महिमा उनीबाट खोसियो। २१ उनलाई मानिसहरूबाट हटाइएर एउटा पशुको मन दिइयो। उनी वनका गधाहरूसँग बस्थे र गाईबस्तुले जस्तै घाँस खान्थे, र उनको शरीर आकाशको शीतले भिज्थ्यो, जबसम्म उनले मानिलिएनन् कि मानिसका राज्यहरूमाथि सर्वोच्च परमेश्वरकै अधिकार छ र उहाँले इच्छा गर्नुभएकालाई त्यो दिनुहुन्छ। २२ "तर उनका छोरा, हजूर बेलसजरले यी सबै कुरा जान्दाजान्दै पनि आफूलाई नम्र बनाउनुभएन। २३ बरु स्वर्गका परमप्रभुको विरुद्धमा आफैलाई खड़ा गर्नुभएको छ। हजूरले उहाँको मन्दिरबाट भाँड़ाहरू हजूरकहाँ ल्याउन लगाउनुभयो, र हजूर र हजूरका भारदारहरू, हजूरका श्रीमतीहरू र रखौटीहरूले तीबाट दाखमद्य पिउनुभयो। हजूरले चाँदी र सुनका, काँसाका, फलामका, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो, जो न देख्छन् न सुन्छन् न बुझ्छन्। तर हजूरले यी परमेश्वरको आदर गर्नुभएन, जसको हातमा हजूरको जीवन र हजूरका मार्गहरू छन्। २४ यसैकारण उहाँले यो लेखोट लेख्ने हात पठाउनुभयो। २५ "लेखिएको लेखोट यस्तो छः मेने, मेने, टेकेल, पर्सिन २६ "यी शब्दहरूको अर्थ यही होः मेनेः* परमेश्वरले हजूरका राज्यका दिन गन्ती गर्नुभएको छ, र त्यसको अन्त गर्नुभएको छ। २७ टेकेलः* हजूर तराजूमा जोखिनुभएको छ, र हल्का भेट्टाइनुभएको छ। २८ पेरेसः* हजूरको राज्य विभाजन भई मादी र फारसीहरूलाई दिइएको छ।" २९ त्यसपछि बेलसजरको हुकुममा दानिएललाई बैजनी वस्त्र पहिराइयो। तिनको

**गलामा सुनको सिक्री लगाइयो, र तिनलाई राज्यको तेस्रो सर्वोच्च शासक भनी घोषणा गरियो। ३० त्यही रात बेबिलोनीहरूका राजा बेलसजर मारिए, ३१ अनि मादी राजा दाराले बयसट्ठी वर्षको उमेरमा त्यो राज्य लिए।"**

ई.पू. ५२९मा मादी र फारसी साम्राज्यका सम्राट् पर्सियन साइरस वा कोरेशले बेबिलोन कब्जा गरेका थिए। त्यसले गर्दा बेबिलोनको गौरब सदाको निम्ति अन्त्य भयो। ई.पू. ४८२मा जब बेबलोनमा मानिसहरूले पर्सिया वा फारस राज्यको बिरुद्धमा बिद्रोह मच्चाएका थिए तब जेरक्सेर पहिलोले त्यस विद्रोहलाई निर्ममतापूर्वक दवाएका थिए। उनले बेबिलोनको मुख्य देवता मार्डुकको मूर्तिलाई हटाएका थिए। उनले केही मन्दिर र किल्लाहरूलाई पनि भत्काएका थिए।

ई.पू. ३३१मा ग्रीकका सम्रात् अलेक्जान्दर महानले बिना युद्ध नगरि पर्सियनहरूबाट बेबिलोन हातमा पारेका थिए। यस सहरलाई अलेक्जान्दरले आफ्नो पूर्वी प्रान्तहरूको राजधानी बनाउन सपना देखेका थिए। तर उनको ३२ वर्षकै उमेरमा मृत्युभएपछि त्यो सपना चक्नाचुर भएको थियो। शताब्दीहरूको बीचमा महान् बेबलोन सहर पतन नै पतनतिर लागेको थियो। सन १९८मा रोमको सम्रात् सेप्टिमस सभेरसले बेबिलोनमा आउँदा त्यो सहर पूरै उजाड वा मरुभूमिमा परिणत भएको थियो। भग्नावेशको रूपमा रहेतापनि त्यहाँ कोही पनि मानिसहरू थिएन। यसरी महान् गौरबमय सहर ध्वस्त भएको थियो। आज त्यस पौराणिक ठाँउको केही भागहरूमा इराकका केही गाउँहरू छन्। तर त्यस सहरको पुननिर्माण गरिएको छैन। (इराकका सद्दाम हुसेनले त्यस सहरलाई पुननिर्माण गर्न खोजेका थिए तर सफल हुन सकेन-अनुवादको थप)।

यशैया १३मा वर्णन गरिएको बेबिलोनको सर्वनाशले गर्दा इस्राएलीहरू स्वतन्त्र भएका थिए। बेबिलोनले इस्राएलीहरूलाई दवाएर दुःख दिएको थियो (यशैया १४:४-६)। जब कोरेस वा साइरसले ई.पू. ५३९मा बेबिलोन कब्जा गरेका थिए तब त्यसबेला इस्राएलीहरू स्वतन्त्र भएका थिए। त्यसबेला त्यस सहरलाई नाशै त गरेको थिएन तर त्यस सहरको नाशको सुरु थियो साथै त्यस गौरबमय प्रख्यात सहरको सदाको निम्ति अन्त्य भएको थियो। त्यस सहरले परमेश्वरका जनहरूमाथि फेरि कहिल्यै पनि आक्रमण गर्न सकिएको छैन।

बेबिलोनको पतनको विवरण नाटकिय ढँगमा यशैया १३ले बताउँछ। यो परमेश्वरको इन्साफ थियो भनेर यशैयाले बताउन खोजेका थिए। जुन

योद्धाहरूले त्यस सहरलाई कब्जा गरे तिनीहरू परमेश्वरका दूतहरू हुन् भनेर उल्लेख गरिएको छ (यशैया १३:२-५)। परमेश्वरको इन्साफ वा न्यायको दिनलाई "परमेश्वरको दिन" भनेर उल्लेख गरिएको छ (यशैया १३:५,९)। परमेश्वरको क्रोध यस्तो शक्तिशाली र प्रभावकारी छ कि यसले ताराहरू, सूर्य, चन्द्रमाः आकाशहरू र पृथ्वीलाई नै थर्कमायन बनाउँदछ (यशैया १३:१०,१३)।

यही यशैया १३सँग न्यायकर्ता ५ दाँजेर पढ्नुहोस्। यहाँ परमेश्वरको अगमवाणीनी देवोराहको भजन छ। यसमा न्यायकर्ता बारक र उनको भजन छ। परमेश्वरको अग्रसरतामा पृथ्वी हल्लिन्छ र आकाशबाट पानी वर्षिन्छ भनेर उल्लेख गरिएको छ (न्यायकर्ता ५:४)। न्यायकर्ता ५:२०,२१मा प्रकृतिका तत्वहरूको बारेमा चित्रण गरिएको छ। त्यसमा परमेश्वरका जनहरूको बिरुद्धमा अन्यायपूर्वक थिचोमिचो गर्ने विदेशी शासकहरू ताराहरू समेत मिलेर युद्ध गर्छन् भनिएको छ।

**तत्कालिन बेबिलोनमा रहेका मानिसहरूले यशैयाको १३ विशेष गरेर १९-२२ पद पढियो भने तिनीहरूले के सोच्लान्? त्यसबेला बेबिलोन सभ्यता र गौरबको शिखरमा थियो। यशैयाका भविष्यवाणीहरू तिनीहरूको निम्ति कस्तो मूर्खता र असम्भव भन्ठान्थे होलान्? भविष्यवाणी पूरा भएको सन्दर्भलाई ख्याल नगरि अरू पूरा नभएका भविष्यवाणीहरू कस्तो मूर्खता र असम्भव भनेर अहिले कतिले सोच्दछन् होला? तर पूरा नभएका भविष्यवाणीलाई असम्भव भनेर वेवास्ता गर्दा हाम्रो निम्ति कस्तो मूर्खता होला?**

## ३. पहाड भएको "राजाको" पतन (यशैया १४)

**"१ परमप्रभुले याकूबमाथि टिठ्याउनुहुनेछ, र इस्राएललाई फेरि छान्नुहुनेछ, र तिनीहरूलाई उहाँले तिनीहरूको आफ्नै ठाउँमा बसाल्नुहुनेछ। विदेशीहरू तिनीहरूसित मिल्नेछन्, र याकूबका घरानासित उनीहरू मिलेर बस्नेछन्। २ जाति-जातिहरूले तिनीहरूलाई लगेर तिनीहरूकै ठाउँमा पुऱ्याउनेछन्। इस्राएलका घरानाले परमप्रभुको देशमा उनीहरूलाई नोकर-नोकर्नीहरूको रूपमा अधिकार गर्नेछन्। तिनीहरूलाई कैद गर्नेहरूलाई तिनीहरूले कैदी बनाउनेछन्। तिनीहरूलाई अत्याचार गर्नेहरूमाथि तिनीहरूले शासन गर्नेछन्। ३ जब परमप्रभुले तिमीहरूको दुःख, कष्ट र कठोर बन्धनबाट तिमीहरूलाई विश्राम दिनुहुनेछ, ४ तब तिमीहरूले बेबिलोनका**

राजाको विरुद्धमा यसरी ठट्टा गर्नेछौः अत्याचारीको कसरी पतन भयो! त्यसको
रीसको अन्त कसरी भयो! ५ परमप्रभुले दुष्टहरूको लौरो भाँचिदिनुभयो, शासन
गर्नेहरूको राजदण्ड, ६ जसले मानिसहरूलाई रीसमा लगातार हिर्काइरहन्थ्यो र
रोक्न नसक्ने सतावटसाथ झोंकमा जाति-जातिहरूलाई दमन गर्थ्यो। ७ सबै
देशहरूले विश्राम र शान्ति पाएका छन्। तिनीहरू गाउन लागेका छन्। ८
सल्लाका रूखहरू र लेबनानका देवदारुहरू तिमीलाई हेरी यसो भनेर
रमाउँछन्, "तिमी ढालिएकोदेखि यसो हामीलाई काट्न कोही रूख काट्ने
आएको छैन।" ९ तिम्रो आगमनमा तिमीलाई भेट्न चिहान पनि तिम्रो निम्ति
चलमलाएको छ। त्यसले मरेर बिदा भइसकेका आत्माहरूलाई पनि तिमीलाई
स्वागत गर्न जगाउँछ– ती सबै जना जो संसारमा नेताहरू थिए– त्यसले
उनीहरूलाई आफ्ना सिंहासनबाट उठ्न लगाउँछ, ती सबै जो जाति-जातिहरूका
राजाहरू थिए। १० उनीहरू सबैले तिमीलाई जवाफ दिएर भन्नेछन्, "तिमी
पनि हामीजस्तै निर्बल भएका छौ। तिमी हामीजस्तै भएका छौ।" ११ तिम्रा
सबै रवाफ त तिम्रा वीणाको गुञ्जनसँगै चिहानमा झारिएका छन्। औंसा तिम्रो
ओछ्यान र कीरा तिम्रो ओढ्ने भएका छन्। १२ ए बिहानको तारा, प्रभातको
पुत्र, तिमी स्वर्गबाट कसरी खसेको छौ! उहिले जाति-जातिहरूलाई होच्याउने,
तिमी कसरी भूइँमा तल खसालियौ। १३ तिमीले आफ्नो हृदयमा भन्यौ, "म
स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च
पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म
विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई
सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" १५ तर तिमी चिहानसम्म, खाड़लको
तल्लो गहिराइसम्मै होच्याइयौ। १६ तिमीलाई देख्नेहरूले तिमीलाई एक टक
लाएर हेर्नेछन्, र तिम्रो भाग्यमाथि ध्यानसित गुनेर भन्नेछन्, "पृथ्वीलाई हल्लाउने
तथा राज्यहरूलाई थरहरी पार्ने १७ त्यो त्यही मानिस हो, जसले संसारलाई
मरुभूमि बनायो र त्यसका सहरहरूलाई पराजय गऱ्यो? कैदीहरूलाई घर
जानलाई नदिने के यो त्यही मानिस हो?" १८ जाति-जातिका सबै राजाहरू,
प्रत्येक आ-आफ्नै चिहानमा गौरवमा पल्टिरहेका छन्। १९ तर तिमीचाहिँ त
तिम्रो चिहानबाट नचाहिने हाँगाजस्तै फ्याँकियौ। तिमी तरवारले
रोपिएकाहरूसँग, खाड़लका ढुङ्गाहरूमा खसेकाहरूसँग मारिएकाहरूले ढाकिएका
छौ। तिमी खुट्टाले कुल्चिएर पैतालामुनि परेको लाशझैं भएका छौ।

२० दफनको समयमा तिमी उनीहरूसित मिल्नेछैनौ, किनकि तिमीले आफ्नो देशको संहार गरेका छौ, तिमीले आफ्ना मानिसहरूलाई मारेका छौ। दुष्टका सन्तानको नाउँ कहिल्यै लिइनेछैन। २१ उनीहरूका पुर्खाका पापको निम्ति त्यसका छोराहरूलाई मार्न ठाउँ तयार गर। देशका उत्तराधिकारी हुन उनीहरू नउठून्, र पृथ्वी उनीहरूका सहरहरूले नभरोस्। २२ "सर्वशक्तिमान् परमप्रभु यो घोषणा गर्नुहुन्छ, 'म उनीहरूका विरुद्धमा खड़ा हुनेछु, र बेबिलोनबाट बाँचेकाहरू, त्यसका बालबच्चाहरू, र त्यसको नाउँ मेटिदिनेछु। २३ म त्यसलाई लाटोकोसेरो बस्ने ठाउँ र धाप बनाउनेछु। म त्यसलाई सर्वनाशको कुच्चोले बढ़ार्नेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। २४ सर्वशक्तिमान् परमप्रभुले यसो भनेर शपथ खानुभएको छ, "जो योजना मैले बनाएको छु, त्यो निश्चय नै पूरा हुनेछ। जो अभिप्राय मैले गरेको छु, त्यो स्थिर रहनेछ। २५ म अश्शूरीलाई मेरै देशमा नाश गर्नेछु, मेरा पर्वतहरूमा त्यसलाई पैतालाले कुल्चनेछु। त्यसको जुवा मेरा प्रजाबाट उतारिनेछ र त्यसको भारी तिनीहरूका काँधबाट हटाइनेछ।" २६ यही योजना सारा पृथ्वीको निम्ति सङ्कल्प गरिएको छ, र यही हात सारा जाति-जातिहरूमाथि पसारिएको छ। २७ किनभने सर्वशक्तिमान् परमप्रभुले अभिप्राय राख्नुभएको छ, र कसले त्यसको खण्डन गर्न सक्छ? उहाँको हात पसारिएको छ, र कसले त्यो फर्काउन सक्छ र? २८ आहाज राजा मरेको वर्षमा यो ईश्वरवाणी आयोः २९ "हे सारा पलिश्तीहरू, तिमीहरूलाई हिर्काउने लौरो भाँचियो भनेर रमाहट नगर, किनकि त्यही साँपको वंशबाट विषालु सर्प निस्कनेछ। त्यसको फल अति विषालु सर्प हुनेछ। ३० गरीबभन्दा गरीबले पनि खर्क पाउनेछ, र दरिद्र निर्धक्कसित ढल्कन पाउनेछ, तर म तिमीहरूको वंशलाई अनिकालले विनाश पार्नेछु, र तिमीहरूका बाँचेकाहरूलाई चाहिँ त्यसले मार्नेछ। ३१ ए मूल ढोका, डाँको छोड़ी-छोड़ी रोऊ! ए सहर, चीत्कार गर! ए पलिश्तीहरू, तिमीहरू सबै पग्लेर जाओ! उत्तरबाट धूवाँको बादल आउँछ, त्यसको सेनाको पङ्क्तिमा एउटै पनि धरमराउने हुँदैन। ३२ तब त्यस जातिका राजदूतहरूलाई के जवाफ दिने? "परमप्रभुले सियोनलाई स्थापित गर्नुभयो, र दुःखमा परेका उहाँका प्रजाहरूले त्यसमा शरण पाउनेछन्।" (यशैया १४)।

बेबिलोनको पतन भएर (यशैया १३) परमेश्वरको जनहरूको उद्धार गरिनेछ (यशैया १४:१-३) भन्ने भविष्यवाणी गरेपछि यशैयाले प्रतिकको रूपमा कटाक्षको प्रयोग गर्दछन् (यशैया १४:४-२३)। (यस्तै खालको कटाक्ष मीका

२:४, हबकूक २:६मा पनि पाइन्छ। यशैयाले प्रयोग गरेका त्यो कटाक्ष बेबिलोनको राजाको विरोधमा थियो। यो कवितामय तरिकाले लेखिएको हो। यसलाई अक्षरस वा वास्तविक भनेर मानिलिनुहुन्न। किनभने यसमा मरिसकेका राजाहरूले तिनीहरूका मरेका नयाँ मित्रहरू मृत्युलोकमा स्वागत गरेको उल्लेख गरिएको छ (यशैया १४:९,१०) जहाँ भुसुना र किराहरू छ्यापछ्याप्ती छन् (यशैया १४:११)। यो वास्तविक नभएर हठी राजालाई कसरी निहुर्‍याउनुहुनेछ भनेर बुझाउन परमेश्वरले नाटकिय ढँगले प्रस्तुत गर्नुभएको थियो। उहाँले कसरी अगाडिका हठी, अभिमानी र निष्ठुर राजाहरूलाई झुकाउनुभएको थियो त्यसरी नै बेबिलोनका राजालाई गर्नुहुनेछ भनेर वर्णन गरिएको थियो। याद गर्नुहोस् यस अंशले मानिसको मृत्युपछि के हुन्छ भनेर शिक्षा दिन खोजिएको होइन।

**यशैया १४:१२-१४ बेबिलोनको राजालाई कसरी इङ्गित गर्दछ? हेर्नुहोस्, "१२ ए बिहानको तारा, प्रभातको पुत्र, तिमी स्वर्गबाट कसरी खसेका छौ! उहिले जाति-जातिहरूलाई होच्याउने, तिमी कसरी भूइँमा तल खसालियो। १३ तिमीले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।"**

बेबिलोनका राजाहरूमा कुनै अभिमानको कमी थिएन (दानिएल ४,५)। तर सर्वोच्च परमेश्वर जस्तो " हुन्छु (यशैया १४:१४) भनेर गरिएको अभिमान त उनको पहुँचभन्दा बाहिर वा उनले खोज्नुपर्ने जोरिभन्दा बाहिरको थियो। त्यस बेलाका राजाहरूले देवीदेवताहरूसँग बलियो साँठगाँठ थियो भनेर दावी गरेतापनि ती राजाहरू ती देवीदेवताहरूकै मुनि थिए भनेर देखाउँथे। बेबिलोनको प्रत्येक नयाँ वर्षको पाँचौ दिनमा ठूलो चाड हुन्थ्यो। त्यसबेला राजा सार्वजनिक स्थलमा हुन्थे। जब राजाको अगाडि बेबिलोनको मूल देवता मार्डुकको मूर्ति आउँथ्यो तब राजाले आफ्नो राजकीय चिन्ह वा निशान त्यस मूर्ति अगाडि फुकाल्दथे। त्यसले गर्दा त्यस देवताले राजाको अधिकारलाई अनुमोदन गरिएको देखाउँथ्यो। देवताको अगाडि राजा झुक्दा त्यस देवताले राजाको पद जारि गराएको देखाएको हुन्थ्यो। ठूलोमात्र होइन कुनै पनि सानोतिनो देवीदेवताहरूलाई रिसाउने काम गरियो भने त्यो रिसाउन दिने मानिस

बहुला भएको देखाएको हुन्थ्यो र आफू आत्महत्यातिनर लम्काएको भनेर विश्वास गरिन्थ्यो।

सहरको शासकको अभिमानीप्रति परमेश्वरले कडा प्रतिक्रिया जनाउनुभएको दुवै यशैया १४ र इजकिएल २८ले बताउँदछ। ती अध्यायहरूमा गरिएको वर्णन संसारका राजालाई भन्दा अपारको शक्तिलाई सम्बोधन गरिएको थियो। त्यसबेला त्यस शक्तिप्रति परमेश्वरको झोंकलाई केन्द्रित गरेको थियो: त्यो अभिमानी शक्ति अदनको बगैंचामा थियो। ऊ अभिषेक गरिएको, तेज वा प्रतापले ढाकिएको, स्वर्गदूतहरूको संरक्षक, परमेश्वरको पवित्र पहाडमा रहेको करुब वा विशेष स्वर्गदूत र सृष्टि गरिएको दिनदेखि सिद्ध थियो। तर जब उसमा पाप देखियो तब उसलाई परमेश्वरको माझबाट निकालिएको थियो र अन्तमा उसलाई आगोले भष्म पारिन साँचिराखेको थियो (इजकिएल २८:१२-१८)। जुनरूपमा यस जीवको बारेमा वर्णन गरिएको छ त्यो कुनै मानिसलाई सम्बोधन गर्नु अर्थहीन हुन्छ। त्यहाँ प्रयोग गरिएका विशेष शब्दहरू मानव शक्तिभन्दा अपारको शक्तिलाई देखाउन प्रतिककोरूपमा उल्लेख गरिएका छन्। तर त्यसको पूर्ण उजागर प्रकाश १२:७-९मा स्पष्टसँग गरिएको छ। स्वर्गमा रहेको शक्तिशाली जीव आफ्ना स्वर्गदूतहरूसँग स्वर्गबाट फ्यँकिएको थियो भनेर ती पदहरूले यसरी बताउँछ: "सारा संसारलाई धोखा दिने सैतान" (प्रकाश १२:९ रूपान्तरित) जसले अदनको बगैंचामा हव्वालाई धोखा दियो (उत्पत्ति ३)।

परमेश्वरको खिलाफमा सैतानले अभिमानपूर्वक हुँकार गरेको थियो। उसको कल्पना अहङ्कारी थियो: "तिमीले भन्यौ, 'म देवता हुँ। म सबै देवताहरू बस्नेभन्दा उच्च स्थानमा बस्दछु। म समुद्रको मुटुमै बस्दछु। तर तिमी नाशवान छौ र तिमी देवता होइन" (इजकिएल २८:२ रूपान्तरित)। जुनरूपमा उसको मृत्यु वा नाश हुन्छ त्यसले ऊ देवता होइन भनेर प्रमाणित गर्नेछ। येशू ख्रीष्ट जस्तो होइत तर त्यो सैतान आगोको ज्वालाको समुद्रको मुटुमै सदाको निम्ति भष्म हुनेछ (प्रकाश २०:१०)। पृथ्वी र जगतमा उसले फेरि कहिल्यै पनि टाउको उठाएर जीवहरूलाई आतङ्कित गर्नेछैन।

**यशैया १४:१३,१४सँग मत्ती ११:२९, यूहन्ना १३:५ र फिलिप्पी २:५-८ तुलना गरेर पढ्नुहोस्। सैतानको चरित्रको विपरित परमेश्वरको स्वभाव ती पदहरूले कसरी देखाउँदछ? अभिमान, घमण्ड, अहङ्कार, हठीपना, अरूमाथि प्रभुत्व गरेर आफ्नो भाऊ खोज्ने प्रवृतिलाई परमेश्वरले कसरी**

**हेर्नुहुन्छ भनेर ती विपरित चरित्रहरूले हामीलाई बुझाउन खोजिएको छ? हेर्नुहोस्, यशैया १४:१२-१४ "१२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" , मत्ती ११:२८-३० "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।" , यूहन्ना १३:५ "तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो।" र फिलिप्पी २:५-८ "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"**

## ४. स्वर्गको ढोका (यशैया १३,१४)

सैतानको बिरुद्धमा कटाक्ष वा घच्का दिएर यशैया १४मा उसको चिनारी दिन खोजेको पाइन्छ। उसलाई दिउँसोको पतित तारा वा किङ्ग जेम्सको अङ्ग्रेजी बाइबलमा उसको नाउँ लुशिफर भनेर किटानी गर्दै बिहानको मिर्मिरे उज्यालोको छोरो भनेर यशैया १४:१२मा सम्बोधन गरिएको छ। सैतानलाई कटाक्ष गर्दै उसलाई बेबिलोनको राजाको बिरुद्धमा गरिएको चित्रणलाई उससँग मिलाउँछ। किन त? प्रकाश १२:१-९मा उल्लेख गरिएको डरलाग्दो अजिङ्गर जीव सैतान भनेर किटानी गरिएको छ (प्रकाश १२:९)। उसले भर्खर जन्मेको बालकलाई मार्न खोजेको थियो। प्रकाश १२:५मा त्यो बालक येशू ख्रीष्ट हुनुहुन्छ भनेर स्पष्ट पारिएको छ। तर वास्तविकरूपमा राजा

हेरोडले बालक येशूलाई मार्न खोजेका थिए (मत्ती २)। त्यो अजिङ्गर दुवै सैतान र रोमी राजनैतिक शक्ति हो। राजा हेरोडले रोम साम्राज्यको प्रतिनिधित्व गरेका थिए। सैतान मानव दलालहरूबाट काम गर्दछ। सैतानले नै बेबिलोन र टायरका राजकुमारको शक्तिलाई परिचालन गरेको थियो।

**पछि आएर बेबिलोन सहरलाई बेबिलोन नभनी रोमैलाई किन सम्बोधन गरिएको थियो? त्यही शक्ति प्रकाशको पुस्तकमा दुष्टको शक्ति भनेर उल्लेख गरिएको थियो। हेर्नुहोस्, १ पत्रुस ५:१३ " बेबिलोनमा भएकी तिमीहरूजस्तै चुनिएकीले, र मेरो छोरो मर्कूसले पनि तिमीहरूलाई अभिवादन पठाएका छन।" (पत्रुसले आफ्नो पत्र रोमबाट लेखेर पठाएका थिए), प्रकाश १४:८ "अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।”, प्रकाश १६:१९ "त्यो महानगरी तीन भागमा टुक्रा-टुक्रा भयो, र देश-देशका सहरहरू ध्वंस-विध्वंस भए। परमेश्वरलाई महान् बेबिलोनको याद आयो, र उहाँले आफ्नो क्रोधको भयानक मद्यले भरिएको कचौरो त्यसलाई पिउन दिनुभयो।", प्रकाश १७:५ "त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन।", प्रकाश १८:२, १०, २१ "२ तिनले यसो भनेर शक्तिशाली सोरले कराएः “महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ।...१० त्यसको यातनाको डरले टाढ़ै उभिएर तिनीहरूले यसो भन्नेछन्, “हाय! हाय! तँ महानगरी, तँ शक्तिशाली बेबिलोन! एकै छिनमा नै तेरो दण्ड तँमाथि पऱ्यो।...१४ तिनीहरूले भन्नेछन्, “ए बेबिलोन, तेरो मनले चाहेका फलहरू तँबाट गएका छन्, सबै स्वादिष्ठ भोजनहरू र समस्त चमकदमक तैंले गुमाइस्, र ती फेरि कहिल्यै प्राप्त हुनेछैनन्।...२१ तब एउटा शक्तिशाली स्वर्गदूतले ठूलो जाँतोजस्तै एउटा ढुङ्गा उठाए, र यसो भनेर त्यसलाई समुद्रमा फाले, “यसरी नै महानगरी बेबिलोन ठूलो वेगले फालिनेछ, र त्यो फेरि कहिल्यै पाइनेछैन।"**

वास्तविक वा अझरस बेबिलोन रोम र प्रकाशको पुस्तकमा "बेबिलोन"को चित्रण नकारात्मक तरिकाले गरेको छ। ती चित्रणहरूमा त्यो बेबिलोन घमण्डी, अभिमानी, अहङ्कारी, निर्दयी र आतङ्कित शक्तिले सजिएको र परमेश्वरका जनहरूलाई दवाउने शक्ति भनिएको छ। विशेष गरेर प्रकाश

१७:६मा भनिएको छ, यो शक्ति "सन्तहरूको रगत पिएर मात्तिएको छ" (रूपान्तरित)। तिनीहरू परमेश्वरको खिलाफमा बिद्रोह गरेका थिए। यस्तो खालको विद्रोही स्वभाव "बेबिलोन" भन्ने नाउँलाई नै इङ्गित गरिएको हुन्छ। बेबिलोन भाषामा बेबिलोन सहर *बाबिलि*बाट आएको हो। यसको अर्थ होः "देवीदेवताहरूको ढोका" जसले देवहरूको राज्यमा जाने बाटो भनेर सम्बोधन गर्दछ। मानिसहरूले बाबेल वा बेबिलोनको धरहराको निर्माण गरेका थिए भनेर उत्पत्ति ११मा उल्लेख गरिएको छ। तिनीहरू आफ्नै शक्तिले माथि उचल्दै ईश्वरीय तहमा पुग्ने प्रयास गरेका थिए। यसले गर्दा परमेश्वरलाई आफ्नो व्यवहारको कुनै लेखाजोखा दिनु नपर्ने नियत तिनीहरूको मनशाय थियो।

आफ्नो घरबाट मामा घरमा भाग्ने क्रममा एक रात याकूब मरुभूमीमा ढुङ्गको सिरानी बनाएर सुतेका थिए। राती उनले सपनामा स्वर्ग र पृथ्वीमा जोडिएको भरेङ्ग देखेका थिए। त्यसबेला उनी उठेर चिच्याएका थिए "यो ठाउँ त अरू कुनै नभएर परमेश्वरको घर पो रहेछ र यो स्वर्गको ढोका हो" (उत्पत्ति २८:१७ रूपान्तरित)। परमेश्वरको घर भन्नु नै स्वर्ग जाने ढोका भनिएको हो। यसबाट परमेश्वरको राज्यमा पस्ने बाटो भनेर चिनाउँदछ। याकूबले त्यस ठाउँलाई बेथेल भनेर नाउँ दिएका थिए। त्यसको अर्थ नै "परमेश्वरको घर" थियो।

बेथेलमा भनिएको "स्वर्गको ढोका" र बेबिलोनले इङ्गित गरिएको "देवीदेवताहरूकहाँ जाने ढोका"ले परमेश्वरको राज्यमा पस्ने बिपरित बाटोहरू हुन्। याकूबले देखेका भरेङ्ग स्वर्गमा उत्पत्ति भएको थियो। याकूबलाई माथिबाट परमेश्वरले प्रकट गर्नुभएको थियो। तर बेबिलोनमा बनिएका धरहराहरू र जिगुरेट मन्दिरहरू पृथ्वीमा भएका मानिसहरूले निर्माण गरेका थिए। ती बिपरित बाटोहरूले मुक्तिको निम्ति तर्जुमा गरेको बाटोहरू एक आपसमा बाझिएको देखाउँछः परमेश्वरकै अनुग्रहबाट उत्पत्ति भएको मुक्तिको बाटो र मानिसहरूको काम वा धर्मकर्मले मुक्ति पाउने प्रयास। सबै सत्य धर्म वा आध्यात्मिक बाटोको आधार बेथेल जस्तो ढाँचाको विनम्र वा बिना फूर्ति लगाउने खालको हुनुपर्छः "तिमीहरू विश्वासबाट अनुग्रह पाएर मुक्ति पाएका छौ" (एफिसी २:८,९)। सबै झुठा धर्महरू, धर्मकर्मले धर्मात्मा बन्ने धारणा, अनेकौं विधिविधान, परम्परा, संस्कारहरू पालन गरेर स्वर्ग पाइन्छ भन्ने धारणा र धर्म वा अध्यात्मिक जीवनको ख्याल नराख्ने मानवतावाद बेबिलोनको ढाँचामा आधारित हुन्। पापबाट मुक्ति पाउने बेथेल र बेबिलोनका तरिकाहरू

एक आपसमा बिपरित छन्। येशूले एक जना धार्मिक पण्डित वा फरिसी र सर्बसाधारण कर्मचारी वा कर उठाउनेको अर्तिकथाले त्यो धारणालाई बुझाउन कोशिश गरिएको छ। हेर्नुहोस्, लूका १८:९-१४ "९ आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयोः १० "दुई जना मानिस प्रार्थना गर्न मन्दिरमा गए– एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। ११ फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, 'हे परमेश्वर, म तपाईंलाई धन्यवाद दिन्छु, म अरू मानिसहरूजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ। १२ म हप्तामा दुई पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।' १३ "तर कर उठाउनेचाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!' १४ "म तिमीहरूलाई भन्दछु, योचाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।"

**नेपालमा जन्मिएको बुद्ध र उनको धर्मलाई चीन र जापान तथा अन्य देशहरूले ध्यान वा मेडिटेशन अर्थात् बिपाशना गरेर मुक्ति पाउँछ भनेर परिमार्जित गरेका थिए। त्यस दर्शनलाई आत्मसात् गर्न एउटा गुम्बामा क्यानाडाको प्रख्यात गीत रचयीता लियोनार्ड कोहेनले केही वर्ष समय बिताएका थिए। जब गुम्बाबाट उनी बाहिर निस्के तब एक जना पत्रकारले उनलाई सोधे, "के तपाईंले मुक्ति पाउनुभयो?" उनको जवाफ थियो, "अहँ, मैले मुक्ति पाएको छैन।" यस बुँदामा अध्ययन गरिएको सन्दर्भमा उक्त कोहेनको समस्या के थियो? मुक्ति भनेको के हो भन्ने विषयको जानकारी उनले किन पाउनुपर्ने थियो?**

## ५. सियोनको अन्तिम बिजय (यशैया २४-२७)

तोकिएका राष्ट्रहरूको बिरुद्धमा उच्चारण गरेको परमेश्वरको वाणी यशैया १३-२३मा उल्लेख गरिएको छ भने यशैया २४-२७मा परमेश्वरका जनहरूको शत्रुहरूलाई विश्वव्यापीरूपमा परास्त्र गरेको र उहाँका जनहरूको उद्धार गरिएको वर्णन गरिएको छ।

**यशैयाले यस पृथ्वीको वातावरण उजाड, अन्धकार र ध्वंसात्मक हुनेछ भनेर यशैया २४मा किन गरे होला? यो त प्रकाश २०को अनुसार**

**येशूको दोस्रो आगमनपछि १००० वर्षसम्म हुने पृथ्वीको कहालीलाग्दो वातावरण जस्तै हुनेसँग मिल्दछ।**

यशैया १३-१४मा उल्लेख गरिएको वास्तविक तथा भौगोलिक बेबिलोन वा पछिका शक्तिहरूका विभिन्न पक्षहरू देखाइएको थियो। अनि "बेबिलोनका राजा" भनेर सम्बोधन गर्दा मानव शासकहरू र तिनीहरूलाई परिचालन गर्ने खलनायक नेता सैतानलाई जनाउँछ। अर्थात् ती दुई शक्तिहरूको समिश्रणलाई "बेबिलोनको राजा" भनेर बाइबलले बुझाउन खोजेको पाइन्छ। यशैया २१:९मा दिइएको बेबिलोनको पतनको सन्देश युगको अन्तमा पनि दोहोरिएको पाइन्छ (प्रकाश १४:८, प्रकाश १८:२)। येशूको तेस्रो आगमनमा सदाको निम्ति सैतानको अन्त्य हुनेछ (प्रकाश २०:१०)। वास्तविक र भौगोलिक बेबिलोनको नाशले परमेश्वरको दिनलाई जनाउँछ भने (यशैया १३:६,९) अर्को "परमेश्वरको डरलाग्दो, महान् र भयानक दिन" (योयल २:३१, मलाकी ४:५ साथै सपन्याह १:७) आउँदैछ भनेर देखाउँदछ।

त्यसै प्रकारले अगमवक्ता यशैयाले २४मा उल्लेख गरिएको दर्शन त्यस समयको अवस्थालाई देखाउँछ जुनप्रति उनी परिचित थिए: "तब चन्द्रमा शर्माउनेछ, र सूर्यको किरण लजाउनेछ। किनकि सर्वशक्तिमान् परमप्रभुले सियोन पर्वतमा र यरूशलेममा र त्यसका धर्म-गुरुहरूका सामुन्ने महिमासित राज्य गर्नुहुनेछ" (यशैया २४:२३)। आफूले देखेका दर्शन उनले जानेका यरुशलेमको भविष्यको बारेमा दिइएको थियो भनेर यशैयाले सोचेका थिए तर प्रकाशको पुस्तकले त्यो दर्शनमा दिइएको भविष्यवाणी नयाँ यरुशलेममा पूरा हुनेछ भनेर उल्लेख गरेको छ (प्रकाश २१:२)। "त्यो सहर उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने परमेश्वरको महिमा नै त्यसको उज्यालो हो। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ" (प्रकाश २१:२३)।

## यथार्थमा दुष्टहरूलाई परमेश्वरले नाश गर्नुहुन्छ त?

यशैया २८:२१ हेर्नुहोस्। यसमा परमेश्वरले ल्याउने सर्बनाशलाई उहाँको अनौठो काम भनिएको छ: "पराजीम पर्वतमा उठ्नुभएझैं परमप्रभु उठ्नुहुनेछ, गिबोनको बेंसीमा उहाँ जाग्नुभएझैं जाग्नुहुनेछ– आफ्नो काम, आफ्नो अनौठो काम गर्न र आफ्नो कार्य, अर्थात् आफ्नो अर्कै कार्य पूरा गर्न।" कसैको नाश गर्नु उहाँको निम्ति अनौठो वा आफ्नो स्वभावभन्दा फरक थियो। यो काम उहाँले गर्न चाहनुहुन्न। तैपनि यो कामै हो वा अट्टेरी दुष्टहरूप्रति

उहाँले ल्याउने फैसला हो। यो सत्य हो कि जसले पापलाई पोषाइरहन्छ उसले आफ्नो बिनाश आफैले ल्याउँदछ (याकूब १:१५)। जीवन र मृत्युमाथि परमेश्वरको अन्तिम शक्ति भएकोले पापीहरूको अन्तिम नाशको निम्ति समय, स्थान र कसरी भनेर उहाँले नै निर्णय गर्नुहुन्छ (प्रकाश २०)। पाप आउँछ, जान्छ, मानिसले आफ्नो पापको श्राप त्यसै अनुसार भोगेर जानेछ, पापको कारण र असरसँग परमेश्वरको केही सरोकार छैन भन्ने कतिपय मानिसहरूको धारणा बाइबलसम्मत नभएको हामीले लिनुपर्दछ।

**यशैया २४-२७मा जे लेखिएको छ त्यसले सम्पूर्ण बाइबललाई प्रतिबिम्बित गर्दछ। अर्थात् अहिले जतिसुकै दुःख, कष्ट, पीडा, बिध्वंस मानिसहरूले भोग्नुपरेतापनि अन्तमा परमेश्वर र असलले खराब र दुष्टमाथि बिजय पाउनेछ भनेर ती अध्यायहरूले देखाउँदछ। हेर्नुहोस्, यशैया २४ "१ हेर, परमप्रभुले पृथ्वी उजाड़ गर्नुहुनेछ। उहाँले त्यसलाई विनाश पारेर त्यहाँका बासिन्दाहरूलाई छरपष्ट पार्नुहुनेछ। २ जस्तो मानिसहरूको दशा हुन्छ, त्यस्तै पूजाहारीको पनि हुन्छ, जस्तो दासको त्यस्तै मालिकको, जस्तो दासीको त्यस्तै मालिक्नीको, जस्तो किन्नेको त्यस्तै बेच्नेको, जस्तो उधारो लिनेको त्यस्तै उधारो दिनेको दशा हुनेछ। जस्तो ऋण लिनेको त्यस्तै ऋण दिनेको हुन्छ। ३ पूरै पृथ्वी उजाड़ हुनेछ र पूर्ण रूपमा लूटपीट गरिनेछ, किनकि परमप्रभुले नै यो कुरा भन्नुभएको छ। ४ पृथ्वी सुक्खा हुनेछ, र त्यो ओइलाउँछ। संसार दुर्बल हुन्छ, र त्यो ओइलाउँछ। पृथ्वीका उच्च दर्जाका मानिसहरू दुर्बल हुन्छन्। ५ पृथ्वी त्यसमा रहने मानिसहरूद्वारा दूषित पारिएको छ। तिनीहरूले नियमहरू उल्लङ्घन गरेका छन्, कानूनहरू भङ्ग गरेका छन् र सदासर्वदाको करार तोड़ेका छन्। ६ यसकारण एउटा सरापले पृथ्वीलाई भस्म गर्छ, र त्यसका मानिसहरूले दोषको दण्ड भोग्नैपर्छ। यसैकारण पृथ्वीका बासिन्दाहरू जलाइए, र थोरै मानिसहरू मात्र बाँकी रहेका छन्। ७ नयाँ दाखमद्य सुक्छ, र दाखको बोट ओइलाउँछ। हर्ष मनाउनेहरू सबैले सुस्केरा हाल्छन्। ८ खैंजड़ीको खुशीयाली बन्द भएको छ। रमाहट गर्नेहरूको सोर बन्द छ। वीणाको आनन्द बन्द छ। ९ तिनीहरूले दाखमद्य पिउँदै गीत गाउँदैनन्। कड़ा मद्य पिउनेलाई त्यो तीतो लाग्छ। १० ध्वंस भएको सहर उजाड़ भएको छ। हरेक घरका ढोका थुनिएको छ। ११ मद्यको निम्ति सड़कहरूमा तिनीहरू कराउँछन्। सबै रमाहट नैराश्यमा परिणत भएको छ। पृथ्वीबाट खुशीयाली नै धपाइएको छ। १२ सहरमा विनाश मात्र रहेको छ, र मूल ढोका भत्काएर**

टुक्रै-टुक्रा पारिएको छ। १३ जैतून रूख हल्लाएर फलहरू झारिएपछि अथवा अङ्‌गूर टिपिसकेपछि शिला छोड़िएझैं त्यो पृथ्वीमा र जाति-जातिहरूमा हुनेछ। १४ तिनीहरू आफ्ना सोर उचाल्छन्। तिनीहरू रमाहटले कराउँछन्। परमप्रभुको महान् महिमाको तिनीहरूले पश्चिमबाट जयजयकार गर्छन्। १५ यसकारण पूर्वमा परमप्रभुको महिमा गर। समुद्रका टापूहरूमा परमप्रभु इस्राएलका परमेश्वरको नाउँ उच्च पार। १६ पृथ्वीको पल्लो कुनादेखि हामी "धर्मी जनको महिमा" भनी गाइरहेको सुन्छौं। तर मैले भनें, "म सुक्दैजाँदैछु, म सुक्दैजाँदैछु मलाई धिक्कार छ! धोखाबाजी गर्नेहरू धोखाबाजी गर्छन्! धोखाबाजी गरेर नै धोखाबाजी गर्नेहरू विश्वासघात गर्छन्!" १७ हे पृथ्वीका मानिसहरू हो, त्रास, खाड़ल र पासोले तिमीहरूलाई पर्खिरहेछन्। १८ त्रासको सोर सुनेर भाग्ने खाड़लमा पर्नेछ, र खाड़लबाट माथि निस्केर आउनेचाहिँ पासोमा पर्नेछ। स्वर्गका झ्यालहरू खोलिएका छन्, र पृथ्वीका जगहरू हल्लन्छन्। १९ पृथ्वी फाट्यो। पृथ्वी दुई भाग भएको छ। पृथ्वी जोरसित हल्लियो। २० पृथ्वी मतवाला मानिसझैं धरमराउँछ। झुप्रोलाई बतासले हल्लाएझैं त्यो यताउता हल्लिन्छ। आफ्नो बागीपनको दोष त्यसमाथि यति गह्रौं भएको छ कि कहिल्यै नउठ्ने गरी त्यो ढल्छ। २१ त्यस दिन परमप्रभुले माथि स्वर्गको शक्तिलाई र तल पृथ्वीका राजाहरूलाई दण्ड दिनुहुनेछ। २२ कैदीहरू कैदखानाभित्र बाँधेर राखिएझैं तिनीहरू एकसाथ जम्मा गरिनेछन्। तिनीहरू झ्यालखानमा बन्द गरिनेछन्, र धेरै दिनपछि तिनीहरूलाई सजाय दिइनेछ। २३ तब चन्द्रमा शर्माउनेछ, र सूर्यको किरण लजाउनेछ। किनकि सर्वशक्तिमान् परमप्रभुले सियोन पर्वतमा र यरूशलेममा र त्यसका धर्म-गुरुहरूका सामुन्ने महिमासित राज्य गर्नुहुनेछ।, यशैया २५ "१ हे परमप्रभु, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंको नाउँलाई उच्च पार्दछु र तपाईंका नाउँको प्रशंसा गर्दछु, किनकि सम्पूर्ण विश्वासमा तपाईंले आश्चर्यका कामहरू गर्नुभयो, ती कामहरू जो धेरै अघि तादिमा योजना गरिएका थिए। २ तपाईंले सहरलाई ढुङ्गाको थुप्रो बनाइदिनुभएको छ। सुरक्षित नगरलाई ध्वंस गर्नुभयो। विदेशीहरूको किल्लाहरूले भरिएको सहर अब सहर रहेन। त्यो फेरि कहिल्यै निर्माण गरिनेछैन। ३ यसैकारण बलिया जातिहरूले तपाईंलाई मान दिनेछन्, र क्रूर जातिहरूका सहरहरूले तपाईंलाई सम्मान दिनेछन्। ४ तपाईं गरीबहरूका निम्ति र दुःखमा परेका दरिद्रहरूका निम्ति एउटा शरण हुनुभएको छ, आँधीबेहरीमा शरण र घाममा छाया हुनुभएको छ। किनकि निष्ठुरहरूको झोंक

पर्खालमा ठोकिएको आँधीझैं हो, ५ र मरुभूमिमा ताप परेझैं हो। तपाईंले विदेशीहरूको हल्लालाई साम्य पार्नुहुन्छ। बादलले घामलाई छाया पारेझैं निष्ठुरहरूको गीत तपाईंले बन्द गरिदिनुहुन्छ।

६ सर्वशक्तिमान् परमप्रभुले यसै पर्वतमा सारा मानिसहरूका निम्ति मीठा-मीठा थोकहरू– छिप्पिएको मद्य, असल-असल स्वादिष्ट थोकहरू, सबैभन्दा असल मद्यको भोज लाउनुहुनेछ। ७ उहाँले यही पर्वतमा सारा मानिसहरूलाई ढाक्ने वस्त्र र सारा जातिलाई छोप्ने तन्ना हटाइदिनुहुनेछ। ८ उहाँले मृत्युलाई सदाको निम्ति निल्नुहुनेछ। परमप्रभु परमेश्वरले सबैका अनुहारबाट आँसु पुछिदिनुहुनेछ। उहाँले सारा पृथ्वीबाट आफ्नो प्रजाको निन्दा हटाइदिनुहुनेछ। परमप्रभुले भन्नुभएको छ। ९ त्यस दिन तिनीहरूले यसो भन्नेछन्, "निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गर्‍यौं र उहाँले नै हामीलाई बचाउनुभयो। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा गर्‍यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी होऔं र रमाऔं।" १० यस पर्वतमा परमप्रभुको हात रहनेछ, तर मोआब उहाँमुनि कुल्चीमिल्ची हुनेछ, जस्तो पराल मलमा कुल्चीमिल्ची हुन्छ। ११ जसरी पौडनेले पौडँदा आफ्ना हात फैलाउँछ, त्यसरी नै तिनीहरूले त्यसमा आफ्ना हात फैलाउँछन्। तिनीहरूले आफ्ना हातको चलाकी देखाए तापनि परमेश्वरले तिनीहरूको घमण्ड तल झार्नुहुनेछ। १२ तेरा अल्गा-अल्गा किल्ला भएका पर्खालहरू उहाँले भत्काइदिनुहुनेछ, र तिनीहरूलाई जमिनमा सोतर पारिदिनुहुनेछ, अर्थात् धूलोमा मिलाइदिनुहुनेछ।", यशैया २६ "१ त्यस दिन यहूदाको देशमा यो गीत गाइनेछः हाम्रो एउटा बलियो सहर छ।
परमेश्वरले त्यसका भित्ता र पर्खाललाई उद्धार बनाउनुहुन्छ। २ मूल ढोकाहरू खोल र धार्मिक जाति, अर्थात् विश्वास कायम राख्ने जाति पस्न सकून्।

३ जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। ४ सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ। ५ उच्चमा बस्नेहरूलाई उहाँले विनम्र तुल्याउनुहुन्छ। उच्च सहरलाई उहाँले होच्याउनुहुन्छ। उहाँले त्यसलाई जमिनको सतहसम्म झारिदिनुहुन्छ। उहाँले त्यसलाई धूलोमा फालिदिनुहुन्छ। ६ खुट्टाले त्यसलाई कुल्चिन्छ, थिचोमिचोमा परेकाहरूका खुट्टा र दरिद्रका पाइलाले कुल्चिनेछ। ७ धर्मीको बाटो सोझो

हुन्छ। हे धर्मी जन हो, तपाईंले नै धर्मीको बाटो सोझ्याउनुहुन्छ। ८ हे परमप्रभु, तपाईंका इन्साफको मार्गमा, हामी तपाईंलाई पर्खन्छौं।
हाम्रा हृदयको इच्छा तपाईंकै नाउँ र तपाईंकै सम्झनामा छ। ९ राती मेरो प्राणले तपाईंको लालसा गर्छ। बिहान मेरो आत्माले तपाईंको चाहना गर्दछ।

जब तपाईंको न्याय पृथ्वीमा प्रकट हुन्छ, तब संसारका मानिसहरूले धार्मिकता सिक्छन्। १० दुष्टमाथि अनुग्रह देखाइए तापनि तिनीहरूले धार्मिकता सिक्नेछैनन्। सोझाहरूको देशमा पनि तिनीहरू दुष्ट्याइँ गरी नै रहन्छन्, र परमप्रभुको महिमालाई ख्याल गर्दैनन्। ११ हे परमप्रभु, तपाईंले आफ्नो हात माथि उठाउनुभएको छ, तर तिनीहरूले त्यो देख्दैनन्। आफ्नो प्रजाको निम्ति तपाईंको जोश तिनीहरूले देखून् र लज्जित होऊन्। तपाईंका विरोधीहरूका लागि अलग्गै राखेको आगोले तिनीहरूलाई भस्म पारोस्। १२ हे परमप्रभु, तपाईंले हाम्रा निम्ति शान्ति स्थापित गर्नुहुन्छ। जो हामीले सफलतापूर्वक प्राप्त गर्‍यौं, ती सबै तपाईंले नै हाम्रा निम्ति गर्नुभएको हो। १३ हे परमप्रभु, हाम्रा परमेश्‍वर, तपाईंबाहेक अरू मालिकहरूले हामीमाथि शासन गरे, तर तपाईंका नाउँको मात्र हामी सम्मान गर्छौं। १४ तिनीहरू मरे, अब उप्रान्त तिनीहरू जिउनेछैनन्। बिदा भइसकेका ती आत्माहरू बिउँतनेछैनन्। तपाईंले तिनीहरूलाई सजाय दिनुभयो र नाश गर्नुभयो, र तिनीहरूका सबै सम्झना मेटिदिनुभयो। १५ तपाईंले जातिको वृद्धि गर्नुभएको छ, हे परमप्रभु, तपाईंले जातिको वृद्धि गर्नुभएको छ। तपाईंले स्वयम् महिमा प्राप्त गर्नुभएको छ। तपाईंले देशका सारा सिमाना बढ़ाउनुभएको छ। १६ हे परमप्रभु, दुःखमा तिनीहरू तपाईंकहाँ आए। जब तपाईंले तिनीहरूलाई ताड़ना दिनुभयो, तिनीहरूले मुश्किलले प्रार्थना गुनगुनाउन सके। १७ जन्म दिने बेला नजिक आउँदा जसरी एउटी गर्भवती स्त्री पीडामा पर्दछे, र आफ्नो वेदनामा कराइउठ्छे, त्यसरी नै, हे परमप्रभु, हामी पनि तपाईंको सामुन्ने भएका थियौं।

१८ हामीले पनि गर्भधारण गर्‍यौं, हामी पनि पीडामा पर्‍यौं, तर हामीले त वायु मात्र जन्मायौं। हामीले पृथ्वीमा उद्धार ल्याउन सकेनौं। संसारका मानिसहरूलाई हामीले जन्म दिएका होइनौं। १९ तर तपाईंका मरिगएका जनहरू जिउनेछन्।

तिनीहरूका शरीरको पुनरुत्थान हुनेछ। हे माटोमा बस्ने हो, उठ र आनन्दले कराओ। तपाईंको शीत बिहानको शीतजस्तै छ, पृथ्वीले आफ्ना

मरेकाहरूलाई जन्माउनेछ। २० हे मेरा मानिस हो, जाओ, तिमीहरू आफ्ना कोठाहरूमा पसेर ढोकाहरू थुन। उहाँको क्रोध शान्त नहोउञ्जेल, केही क्षणको निम्ति लुकिबस।

२१ हेर, पृथ्वीका मानिसहरूलाई तिनीहरूका पापका निम्ति सजाय दिन परमप्रभु आफ्नो वासस्थानबाट निस्की आउँदैहुनुहुन्छ। पृथ्वीले आफूमाथि पोखाइएको रगत प्रकट गर्नेछ, र मारिएकाहरूलाई अब उप्रान्त पृथ्वीले छिपाउनेछैन।" र यशैया २७ "१ त्यस दिन परमप्रभुले आफ्नो डरलाग्दो, शक्तिशाली र ठूलो तरवारले त्यो सुल्कने सर्प, लिव्यातन्, त्यो गुँडुली बस्ने सर्पलाई दण्ड दिनुहुनेछ। उहाँले समुद्रको विशाल अजिङ्गरलाई मार्नुहुनेछ।

२ त्यस दिन, "फल दिने एउटा सुन्दर दाखबारीको विषयमा गीत गाओ। ३ म, परमप्रभु, त्यसको हेरचाह गर्छु। म त्यसमा निरन्तर पानी हाल्छु। म रातदिन त्यसको देखरेख गर्छु, नत्रता कसैले त्यसलाई नोक्सानी गर्ला। ४ म रिसाएको छैनँ। सिउँड़ी र काँढ़ाहरूले मलाई रोक्न उम्रेका भए त म तिनीहरूका विरुद्धमा लड़ाइँ गर्न जाइलाग्नेथिएँ। म तिनीहरूलाई जलाउनेथिएँ। ५ तिनीहरू शरण लिन मकहाँ आऊन्। तिनीहरू मसित मिलाप गरून्। हो, तिनीहरू मसित मिलाप गरून्।" ६ आउने दिनहरूमा याकूबले जरा गाड्नेछ, इस्राएल फुल्ने र फल्नेछ, र समस्त पृथ्वीलाई फलले भर्नेछ। ७ के त्यसलाई हिर्काउनेहरूलाई हिर्काउनुभएझैं उहाँले त्यसलाई हिर्काउनुभयो? त्यसलाई मार्नेहरू मारिएझैं के त्यो पनि मारियो? ८ तपाईंले त्यससित झगड़ा तथा त्यसलाई देश निर्वासन गरेर त्यससित युद्ध गर्नुहुन्छ। पूर्वीय बतास चलेको दिनमा जस्तै उहाँले त्यसलाई भयङ्कर वायुको झोक्काले उड़ाइदिनुहुन्छ। ९ यसैद्वारा याकूबको अधर्मको प्रायश्चित गरिनेछ, र त्यसको पाप दूर गरिएको सारा फल यही हुनेछ। जब त्यसले वेदीका सबै ढुङ्गाहरू खरी-ढुँगाझैं चकनाचूर पार्छ, तब अशेरा देवीका खम्बा र धूप बाल्ने वेदीहरू फेरि खड़ा हुनेछैनन्। १० सुरक्षित सहर निर्जन भयो, निर्जन र त्यागिएका वासस्थान उजाड़ भूमिझैं भयो। त्यहाँ बाछ्राहरू चर्छन्, त्यहाँ तिनीहरूले विश्राम गर्छन्, र तिनीहरूले त्यसका हाँगाहरू लुछेर नाङ्गै बनाउँछन्। ११ जब त्यसका स-साना हाँगाहरू सुक्छन्, तब ती भाँचिन्छन् र स्त्रीहरू आएर ती आगोमा जलाउँछन्। किनकि समझै नभएको यो एक जाति हो। यसैकारण तिनीहरूलाई बनाउनुहुनेले तिनीहरूमाथि टिठ्याउनुहुन्न र तिनीहरूका सृष्टिकर्ताले तिनीहरूमाथि निगाह गर्नुहुन्न। १२ त्यस दिन परमप्रभुले बगिरहने

यूफ्रेटिस नदीदेखि मिश्रको खोलासम्मै आफ्नो अन्न छाँट्नुहुनेछ, र हे इस्राएली, तिमीहरूचाहिँ एक-एक गरी जम्मा गरिनेछौ। १३ त्यस दिन एउटा ठूलो तुरही बज्नेछ। अश्शूरमा नष्ट हुनेहरू र मिश्रदेशमा निर्वासित भएकाहरू आएर यरूशलेमको पवित्र पर्वतमा परमप्रभुको आराधना गर्नेछन्।"

यदि हामी पनि अन्तिम बिजयमा सहभागी हुन चाहन्छौं भने हामीले गर्नुपर्ने केवल एउटा काम के हो त? हेर्नुहोस् हितोपदेश ३:५-१० "५ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तिम्रो आफ्नै समझशक्तिमा भर नपर् ६ आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। ७ आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग्। ८ यसले तिम्रो शरीरलाई स्वस्थ तुल्याउनेछ र तिम्रो हड्डीको लागि पोषण दिनेछ। ९ आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर, १० तब तिम्रा ढुकुटीहरू पोखुन्जेल भरिनेछन्, र तेरा भाँड़ाहरू नयाँ मद्यले चुलिएर पोखिनेछन्।" र रोमि १०:९-१३ "९ किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ। १० किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ। ११ धर्मशास्त्र भन्छ, "उहाँमाथि भरोसा राख्ने कोही लाजमा पर्नेछैन।" १२ किनकि यहूदी र अन्यजातिमा केही भेद छैन। उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। १३ किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।"

## उपसंहारः

**थप जानकारीः** "के हामीले पाउने मुक्ति कुनै सर्तमा पाउने हो त? अहँ, जब हामी येशूकहाँ आउँछौं कुनै शर्त नराखी आउँछौं। यद्यपि, येशूकहाँ आउँदा कुनै न कुनै शर्त त हुनैपर्छ, होइन त? हामीहरूको निरन्तर जीवित आस्था र विश्वासले क्रुसमा टाँगिएको र पुनरुत्थान हुनुभएको मुक्तिदाताको रगतको पुण्य काममाथि पूरै भरोसा राखेर उहाँलाई पकडि राख्नु नै हाम्रो शर्त हो। जब हामी यस मनस्थितिमा चल्दछौं तब हामीले असल र धार्मिकताको क्रियाकलापमा सक्रिय हुन्छौं। जब परमेश्वरले पापीहरूलाई यस संसारमा बोलाइरहनुहुन्छ र

उहाँको निमन्त्रणा स्वीकार गर्न आह्वान गरिरहुनहुन्छ त्यसबेला उहाँले कुनै पनि शर्त राख्नुहुन्न। कुनै शर्त नराखी येशूकहाँ आउने भएकोले परमेश्वरको आह्वानको प्रत्युत्तर दिनैपर्ने हुन्छ। जब पापी येशूकहाँ आउँछ तब उसले येशूलाई कलभरीको क्रुसमा उचालिएको देख्दछ। यो प्रभाव परमेश्वरले नै उसको दिमागमा राख्नुभएको हुन्छ। यसले गर्दा त्यस मानिसले त्यस्तो प्रेमलाई पकड्न गइरहेको हुन्छ जुन उसको कल्पनाभन्दा अपारको छ।"-एलेन जी ह्वाइट, मान्युस्क्रिप्ट रिलिजेज, ठेली ६, पृ. ३२बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. माथि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावनालाई चौथौं बुँदाको परिवेशमा पढ्नुहोस्। उनले यहाँ के भनिरहनुभएको छ? इसाई जीवनमा हिँड्नु पर्ने कदमहरू के हुन् वा इसाईहरूमा हुनु पर्ने तत्वहरू के हुन्? उनले व्यक्त गरेको कुरामा विश्वास वा आस्था र काम समावेश भएको छ। हामीले त्यसलाई कसरी छुट्याउने?**

**आ. अहङ्कारी, अभिमान, घमण्ड र आफ्नो भाऊ खोज्ने प्रवृत्ति पाप किन खतरामूलक छ? तिनीहरू हाम्रो दिमागबाट टाढा राख्न किन मुश्किल छ? के ती प्रवृत्तिहरूले मानिसहरूलाई यस्तरी अन्धा बनाउँदछन् कि जसले गर्दा मानिसहरूले तिनीहरूलाई त्याग्न मुश्किल पर्दछ? यदि तपाईं अभिमानी वा घमण्डी हुनुहुन्छ भने त्यो ठिकै छ भनेर तपाईंले सोच्नुहुन्छ भने त्यो ठिकै भएको प्रवृत्तिलाई किन परिवर्तन गर्नुपर्छ र? क्रुस र क्रुसले दिने सन्देश जसले जुनसुकै मानिसलाई पनि मुक्ति दिन्छ त्यसले मात्र अभिमान, हठी र अहङ्कारलाई मेटाउने प्रभाकारी औषधी भएकोले त्यसमाथि ध्यान गरेर कसरी अङ्गाल्ने?**

**इ. के अरू जाति, राष्ट्रका मानिसहरूले पनि मुक्ति पाउनेछन् भनेर यशैयाले आशा देखेका थिए कि? हेर्नुहोस्, यशैया २५:३-८ "३ यसैकारण बलिया जातिहरूले तपाईंलाई मान दिनेछन्, र क्रूर जातिहरूका सहरहरूले तपाईंलाई सम्मान दिनेछन्। ४ तपाईं गरीबहरूका निम्ति र दुःखमा परेका दरिद्रहरूका निम्ति एउटा शरण हुनुभएको छ, आँधीबेहरीमा शरण र घाममा छाया हुनुभएको छ। किनकि निष्ठुरहरूको झोंक पर्खालमा ठोकिएको आँधीझैं हो, ५ र**

**मरुभूमिमा ताप परेझैं हो। तपाईंले विदेशीहरूको हल्लालाई साम्य पार्नुहुन्छ। बादलले घामलाई छाया पारेझैं निष्ठुरहरूको गीत तपाईंले बन्द गरिदिनुहुन्छ। ६ सर्वशक्तिमान् परमप्रभुले यसै पर्वतमा सारा मानिसहरूका निम्ति मीठा-मीठा थोकहरू– छिप्पिएको मद्य, असल-असल स्वादिष्ट थोकहरू, सबैभन्दा असल मद्यको भोज लाउनुहुनेछ। ७ उहाँले यही पर्वतमा सारा मानिसहरूलाई ढाक्ने वस्त्र र सारा जातिलाई छोप्ने तन्ना हटाइदिनुहुनेछ। ८ उहाँले मृत्युलाई सदाको निम्ति निल्नुहुनेछ। परमप्रभु परमेश्वरले सबैका अनुहारबाट आँसु पुछिदिनुहुनेछ। उहाँले सारा पृथ्वीबाट आफ्नो प्रजाको निन्दा हटाइदिनुहुनेछ। परमप्रभुले भन्नुभएको छ।", यशैया २६:८,९ "८ हे परमप्रभु, तपाईंका इन्साफको मार्गमा, हामी तपाईंलाई पर्खन्छौं। हाम्रा हृदयको इच्छा तपाईंकै नाउँ र तपाईंकै सम्झनामा छ। ९ राती मेरो प्राणले तपाईंको लालसा गर्छ। बिहान मेरो आत्माले तपाईंको चाहना गर्दछ। जब तपाईंको न्याय पृथ्वीमा प्रकट हुन्छ, तब संसारका मानिसहरूले धार्मिकता सिक्छन्।" र प्रकाश १९:९ पनि पढ्नुहोस् "अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।"**

**सारांशः** असेरिया र बेबिलोनले यहूदामाथि आक्रमण गरेर आफ्नो प्रभुत्व जमाउनेछ भन्ने सन्देश यशैयाले देखेका थिए। यस अन्धकारको शक्तिले मानवीय शासकहरूले अपार शक्ति पाएको पनि उनले देखेका थिए (एफिसी ६:१२)। त्यस शक्तिले परमेश्वरका मानवीय शत्रुहरूद्वारा काम गरेर आफूलाई परमेश्वर जस्तै तुल्याइरहेको पनि उनले देखेका थिए। तर अन्तमा त्यस शक्तिको निर्णयात्मक सामना गर्दै त्यसको अन्त्य परमेश्वरले गर्नु हुनेछ र यस समस्या, दुःखकष्टको भूमरीमा परेको संसारलाई उहाँले अनन्तको शान्ति ल्याउनुहुनेछ भन्ने दर्शन पनि यशैयाले पाएका थिए।

## कथा ६
## जीवनलाई नै तहस नहस गर्ने दुर्घटना
## ओल्गा नाशिन, ३४, रुस

पूर्वी युरोपमा रहेको ब्लाक सीमा ओल्गा र रोमान छुट्टी मनाउन गएका थिए। त्यसबेला तिनीहरूको कार दुर्घट्ना हुँदा तिनीहरूको जीवनका क्षणहरू तितर बितर भएका थिए। तिनीहरू तीन वर्षमात्र विवाह भएका नव दम्पत्ति थिए। तिनीहरू समुद्रको किनारामा रहेका सहरहरूको रमाइलो दृष्य हेर्दै कार हाँक्दै थिए। तब जाँदा जाँदा रोमानले बाटो भुल्यो। अनि रोमानले बिस्तारै कार हाँक्दै बीच सडकमा फनक्क फर्क्यो। त्यसबेला राजमार्गमा एउटा सेतो मर्सेजिज कार रफ्तारमा आउँदै थियो। त्यस कारले तिनीहरू चढेको भोक्सवागनलाई दनक दियो र त्यो भोक्सवागन फनफन्ती घुम्यो। ओल्गा र रोमानले भन्थान्यो तिनीहरूको जीवन अन्त्य भयो। एक छिन घुमेपछि त्यो भोक्सवागन रोक्यो। झ्यालहरू टुक्रा टुक्रा भएका थिए। कारका ढोकाहरू खोल्ने नसक्ने गरेर बन्द भएका थिए। ओल्गा र रोमान कारको झ्यालबाट निस्केर आए। तिनीहरूलाई खासै चोतपतक त लागेको थिएन तर कारचाहीँ नराम्रोसँग बिग्रेको थियो। रोमान र ओल्गाले मर्सेडिज कारतिर हेऱ्यो त्यो पनि नराम्रोसँग बिग्रिएको थियो। तर त्यसको ड्राइभर पनि ठीकै थियो। एक छिनपछि पुलिसको कार आयो। पुलिसले रोमानलाई हेऱ्यो र त्यो दुर्घटनाको दोषी रोमानलाई ठहऱ्याए। रोमानले आफ्नो हातको हत्केलाले अनुहार छोप्यो। "अब त्यस मर्सेडिज कारको निम्ति हामीले धेरै वर्षसम्म पैसा तिरिरहनुपर्ने हुन्छ" आँशु बगाउँदै रोमानले भन्यो। त्यसबेला ओल्गाले पनि यो महसुस गरिन् कि त्यस दुर्घटनाले तिनीहरूले ठूलो मोल चुकाउनु पर्नेछ। रोमनको कारको बिमा थोरै थियो र महँगो मर्सेडिज कारलाई मर्मत गर्न तिनीहरूको बिमाले भ्याउँदैनथ्यो। ओल्गा बाटो काटेर बारीमा गइन्। त्यसबेला उनी घुँडा टेकेर प्रार्थना गरिन् "प्रभु हामीलाई सहायता गर्नुहोस्।" उनले आफ्नो आँखा खोलिन् र उठिन्। क्षतिग्रस्त कारहरू सडकमै थिए। अर्को ड्राइभर जसको नाउँ म्युसा थियो, एकदम रिसाएर रोमानसँग कुरा गर्दै थियो "तिम्रो सबै कागज मलाई देऊ। मेरो कारलाई मर्मत गर् र म फिर्ता गर्नेछु।" रोमानले आफ्नो ड्राइभर लाइसेन्स उसको हातमा राखिदियो। पुलिसले रिपोर्ट लेख्न सिध्यायो। त्यसबेला कोही मानिस म्युसालाई लिन

आयो। रोमान र ओल्गा अगाडि कसरी यात्रा गर्ने भन्ने थाहा भएन। जब तिनीहरू बिग्रेको कार लिन ट्रकको निम्ति पर्खिंदै थिए तब तिनीहरू बारीमा कुरा गर्न गए। तिनीहरूको बीचमा तनाव भएको केही हप्ता बितेको थियो। अब झन आगोमा घिऊ थपेको जस्तो त्यस दुर्घट्नाले तिनीहरूको बीचमा चर्का चर्की नै भयो। ओल्गाले त पारपाचुके गर्ने स्थिति नजिक पुगेको जस्तै महसुस गरिन्। त्यसैबेला तिनीहरू दुवै जना कोमल भएर परमेश्वरसँग क्षमा मागे। त्यसबेला तिनीहरू जाने ठाउँ कहीँ नभएकोले समुद्र किनाराको बालुवामा नै सुते। बिहानपख म्युसाले तिनीहरूलाई आफ्नो घरमा आउन र त्यहाँ बस्न निम्तो दियो। उसको अर्को कार थियो र उसले त्यस दम्पत्तिलाई एक हप्तासम्म सहरमा घुमायो। त्यसबेला तिनीहरूको बिमा र कानुनी प्रक्रिया चल्दै थियो। जब म्युसाले रोमान र ओल्गालाई खान लग्यो तब तिनीहरूले मासु नखाएकोमा उसलाई अचम्म लाग्यो। भोलिपल्ट तिनीहरूले रक्सी नखाएको देख्दा म्युसा झन छक्क पर्‍यो। "तिमीहरू अनौठो मानिसहरू हौ। तिमीहरू को हौ?" म्युसाले जिज्ञासा राख्दै सोध्यो। "हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौँ" ओल्गाले शिर ठाडो गरेर जवाफ दिइन्। "हो र? तिमीहरू मेरो जीवनमा भेटेको दोस्रो एडभेन्टिस्टहरू हौ" म्युसाले वाल्ल परेर भन्यो। कुराकानीको सिलसिलामा म्युसा इसाई नभएको र उसका दुई श्रीमतीहरू भएको रोमान र ओल्गाले थाहा पाए। आफू दोषी मनस्थितिको दवाबमा परेको म्युसाले पाहुनाहरूलाई बतायो। आफ्नो दोस्रो श्रीमतीलाई भ्रुण हत्या गर्न आफूले दवाब दिएको म्युसाले सुनायो। "यो दुर्घट्ना परमेश्वरले पठाउनुभएको दण्ड हुनसक्छ" म्युसाले भन्यो। त्यस मर्सेडिजप्रति उसको ठूलो मोह थियो। दुर्घट्ना हुनुभन्दा एक हप्ता अघिमात्र त्यो कार उसले किनेको थियो। रोमान र ओल्गाले रुसको जाओस्कीमा रहेका आफ्ना साथीहरूलाई फोन गर्‍यो र कारको निम्ति हर्जाना तिर्न सापटी मागे। तीनदिनभित्र तिनीहरूले पैसा जम्मा गरे। साथीहरूले तिनीहरूलाई अरू पैसा पनि चाहिन्छ कि भनि फोन गरिरहे। तिनीहरूले रोमान र ओल्गालाई सहायता गर्न चाहन्थे। तिनीहरूको कुराकानी सुनेपछि म्युसा गहभरि आँशु झार्दै रोयो। "म धनी छु। मेरा धेरै साथीहरू छन्। मैले धेरै मानिसहरूलाई पैसा कमाउन सहयोग गरेको छु। मेरा कुनै एक जना साथीले पनि दुर्घट्ना पछि म कस्तो छु भनेर फोन गरेन। तिमीहरू गरिब छौ। तिमीहरूसँग केही पनि छैन। तर तिम्रा साथीहरूले तिमीहरूलाई सहायता गर्न चाहन्छन्" म्युसाले भन्यो। हप्ताको अन्तमा रोमान र ओल्गाले

तिर्नुपर्ने पैसा तिऱ्यो र म्युसाले रोमानको ड्राइभिङ्ग लाइसेन्स फिर्ता दियो। आफू अर्को सहरमा केही दिनको लागि जानुपर्ने म्युसाले बतायो। त्यो त्यही सहर थियो जहाँ रोमान र ओल्गा जाँदै थियो जब दुर्घट्ना भयो। "तिमीहरू मेरो पाहनु हुन चाहन्छौं?" भनेर म्युसाले तिनीहरूलाई सोध्यो। अत्यन्तै खुशी भएर रोमान र ओल्गाले म्युसाको फेरि पाहुना हुन सहमती जनाए। तिनीहरू म्युसाको अत्यन्तै शानदार, बिलासी र सुविधाले सम्पन्न भएको घरमा दुई दिन बसे। त्यस्तो घर तिनीहरूले कहिल्यै पनि देखेका थिएनन्। पछि तिनीहरू जाओक्सीमा रेलबाट फर्के।

अर्को वर्षभरि रोमान र ओल्गाको निम्ति कठिन वर्ष थियो किनभने तिनीहरूले सापटी लिएको पैसा तिर्नु परेको थियो, तर तिनीहरूले त्यस दुर्घट्नाको निम्ति परमेश्वरलाई ओल्गाले धन्यवाद दिइन्। त्यसले गर्दा तिनीहरूको विवाह बचेको थियो। जब उनी परमेश्वरलाई धन्यवाद दिँदै थिइन् उनले काम गरेको ठाउँमा उनको तलबलाई बढाइ दियो। रोमानले पनि बढी तलब आउने ठाउँमा नयाँ काम पायो। तिनीहरूले एक वर्षभित्रै ऋण तिर्न सफल भए। "हामीले केही पनि चाहेका थिएनौं तर परमेश्वरले हाम्रो सबै आवश्यकताहरू पूरा गरिदिनुभयो" ओल्गाले मुस्कुराउँदै भनिन्।

जाओस्की सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा भर्ना हुनेहरूमा ओल्गा पनि पहिलो थिइन्। उनी सन १९९३मा एक कक्षामा भर्ना भएकी थिइन्। उनी त्यस स्कूलमा पढिसकेपछि जाओस्की एडभेन्टिस्ट विश्वविद्यालयमा उच्च शिक्षा हासिल गर्न पढन् गइन्। यस त्रैमासिक भेटीको उब्रिएको पैसाले उक्त विश्वविद्यालयमा चाहिने क्लासरुमा निर्माण गर्न सहयोग गर्नेछ।

**-आन्द्र्यु मेकचेस्नी**